सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

आदेश

मु.नं. ३०७/२०७१/०७२

निणर्य नं. ७८१

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, पो.ब.नं. २४२९२, काठमाडौं बस्ने वर्ष ३२ को नोदनाथ त्रिताल समेत ..........................................१ पुनरावेदक

विरूद्ध

कार्यालय प्रमुख, राजश्व अनुसन्धान विभाग, हरिहरभवन, ललितपुर ......................................१ विपक्षी

सूचना अधिकारी, राजश्व अनुसन्धान विभाग, हरिहरभवन, ललितपुर ......................................१

विषय :- सूचना दिनु भनिएकामा पाईन भन्न नआएकोले तामेलीमा राख्ने ।

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, पो.ब.नं. २४२९२, काठमाडौं बस्ने वर्ष ३२ को नोदनाथ त्रिताल समेतले राजश्व अनुसन्धान विभाग, हरिहरभवन, ललितपुरसमक्ष सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोगमा मिति २०७१।१०।२२ मा गरेको पुनरावेदकको सम्बन्धमा यस आयोगको मिति २०७१।११।१० को आदेश कार्यान्वयन सम्बन्धमा आयोगको मिति २०७१।११।११ च.नं.६०४ को पत्रबाट राजश्व अनुसन्धान विभाग, हरिहरभवन, ललितपुरलाई पत्राचार गरिएको । उक्त पत्राचार पश्चात पुनरावेदकले सूचना पाए नपाएको सम्बन्धमा कुनै पनि जानकारी प्राप्त हुन नआएको र यसरी लामो अवधिसम्म पनि सूचना पाईन भनी पुनरावेदक स्वंयले पनि कुनै निवेदन/उजुरी गरेको नदेखिएको हुँदा पछि पुनरावेदकले सूचना पाईन भनी निवेदन/उजुरी गरेका बखत कारवाही प्रक्रिया अगाडि बढाउन सकिने नै हुँदा हाललाई प्रस्तुत पुनरावेदन तामेलीमा राखिएको छ । प्रस्तुत पुनरावेदनको लगत तामेलीमा दर्ता गरी राख्नु ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७३ साल बैशाख ५ गते रोज़ १ शुभम् ।